# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचना।

यहि मिति २०८३/०६/०६ गतेका दिन विभागबाट गरिएको नियमित अनुगमन तथा निरीक्षणको क्रममममा काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वार्ड नं. १५ मा अवस्थित श्री कृष्ण पुष्टकारी तथा गुदपाक भण्डारले गुदपाक तथा पुष्टकारी बनाउने प्रयोजनको लागि म्याद नाघेका तथा किरा परेका समेत विभिन्न कच्चा पदार्थहरु प्रयोग गर्ने गरेको पाइएको र म्याद नाघेका चकलेट लगायतका खाद्य पदार्थहरु समेत पुनः प्याकिंग गर्ने गरेको पाइएको हुँदा उक्त खाद्य पदार्थहरु तथा कच्चा पदार्थहरु जफत गरि नष्ट गर्ने कार्य सम्पन्न भैसकेको र उद्योग शिलबन्दी गरि आवश्यक कानुनी कारवाहीको प्रक्रिया समेत अगाडी बढाईएको व्यहोरा सबैमा सुचित गरिन्छ। श्री कृष्ण पुष्टकारी तथा गुदपाक भण्डारको उत्पादनहरु स्पेशल पुस्टकारी, श्रीकृष्ण पुस्टकारी, स्पेसल चकलेट, श्रीकृष्ण गुदपाक, मत्थर पेडा पुष्टकारी, स्पेशल कोसेली पुस्टकारी उपभोग नगर्नुहुन सबैमा जानकारी गराईन्छ।




नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाण्डौ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ